# बर्दघाट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बर्दघाट, नवलपरासी

## लुम्बिनी प्रदेश, नेपाल

प सँः ०७८।७९

च.न

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

### वोलपत्र/सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः ०७८।५।१८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र ६० तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा (९) वमोजिम अनुसूचि–९ मा उल्लेख भएअनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिने छ भन्ने उल्लेख भएको सोही ऐनको दफा (६) मा यस नगरपालिका क्षेत्र भित्र कवाडी माल र प्रचलित कानुनले निशेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यावसायीक कारोवार गरेबापत अनुसूचि–५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ भन्ने उल्लेख भएबमोजिम कवाडी कर (उत्पादन तथा निकाशी) को हकमा सम्झौता अवधि देखी ०७९ आषाढ मसान्त सम्मको लागि तथा बर्दघाट न.पा.वडा नं १३ मा लाग्दै आएको मंगलवारे पाडा वजार र साविकमा वडा नं १४ मा हुदै आएको लोडिङ्गलाई स्थान परिबर्तन गरी वडा नं १३ जमुनिया बाट नै पाडा वजार तथा लोडिङ्ग समेत गर्ने गरी पाडा बजार तथा सम्पूर्ण हाटबजारको हकमा ०७८ कार्तिक महिना देखी ०७९ आषाढ मसान्त सम्म ९ महिनाको लागि र विज्ञापन करको आ.व.०७८/०७९ र आ.व. ०७९/०८० समेत गरी २ वर्षको लागि तथा खोला ठेक्काको हकमा सम्झौता अवधि देखी चालु आ.व.को जेष्ठ मसान्त सम्मको लागि ठेक्का बन्दोवस्त गर्न मिति ०७८/५/११ को नगरकार्यपालिका वैठकको निर्णय, न्युनतम कवोल अंक कायम गर्ने सन्दर्भमा मिति ०७८/५/१६ को राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा आठौं नगरसभाबाट स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक कम्पनी वा फर्मको इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कम्तीमा आ.व. ०७६/०७७ आय कर चुक्ताको प्रमाण संलग्न राखी WWW.bolpatra.gov.np/egp मार्फत विद्युतिय वोलपत्र (E–Bidding) मार्फत शीलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

तपशिल

| आय ठेक्का नं | आय ठेक्काको नाम | संकलन/उत्खनन् गर्नुपर्ने परिमाण (घन फिटमा ) | विक्रि दर मु.अ.कर वाहेक रु | न्यूनतम अंक रु. ( भ्याट र अग्रीम कर सहित) | ठेक्का अवधि | वेलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/०७८/०७९ | खजुरा खोला बर्दघाट न.पा. | ७,९४,५८० | १२ | १,०९,१७,५३०।०० | ०७९ जेष्ठ मसान्त | ३००० | |
| २/०७८/०७९ | गंगटी खोला बर्दघाट | ५,८८,१३० | १२ | ८०,८०,९०६।०० | ०७९ जेष्ठ मसान्त | ३००० | |

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | न.पा. | | | | | | |
| ३/०७८/०७९ | आम्वास खोला बर्दघाट न.पा. | ४,५७,६७८ | १२ | ६२,८८,४९६।०० | ०७९ जेष्ठ मसान्त | ३००० | |

| आय ठेक्का नं | आय ठेक्काको नाम | न्यूनतम अंक रु. ( भ्याट सहित) | ठेक्का अवधि | वेलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ४/०७८/०७९ | मंगलवार पाडा वजार तथा लोडिङ्ग समेत बर्दघाट- १३, जमुनिया | ४३,२३,०००।०० | ०७९ आषाढ मसान्त | ३००० | |
| ५/०७८/०७९ | कवाडी कर (उत्पादन तथा निकाशी) | ४,१९,०००।०० | ०७९ आषाढ मसान्त | ३००० | |
| ६/०७८/०७९ | विज्ञापन कर (२ अर्थिक वर्षको लागि) | ८,१२,५००।०० | ०८० आषाढ मसान्त | ३००० | |
| ७/०७८/०७९ | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-९, भुताहा | ५,२२,१२०।०० | ०७९ आषाढ मसान्त | ३००० | |
| ८/०७८/०७९ | शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट | ९,४०,७२५।०० | ०७९ आषाढ मसान्त | ३००० | |
| ९/०७८/०७९ | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, | ३,९०,७८३।०० | ०७९ आषाढ मसान्त | ३००० | |
| १०/०७८/०७९ | सोमवारे हाटवजार माकर, १ | १,९१,५३५।०० | ०७९ आषाढ मसान्त | ३००० | |
| ११/०७८/०७९ | आइतवारे हाटवजार , वर्दघाट, १४ | १,८७,५००।०० | ०७९ आषाढ मसान्त | ३००० | |
| १२/०७८/०७९ | सनिवारे हाटवजार बर्दघाट, १४ | १,७२,५००।०० | ०७९ आषाढ मसान्त | ३००० | |

**ठेक्का सम्बन्धी शर्तहरू**

१) कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम WWW.bolpatra.gov.np/egp बाट Download गरी तोकिएको दस्तुर रु ३००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको राजश्व खाता ०८३२०५००२८२११००२ खातामा जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका बोलपत्रको पानामा सही छाप, फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अँक इत्यादी विवरण भरी मिति ०७८/६/१७ गते कार्यालय समय भित्र Download गरी मिति ०७८/६/१८ गते १२:०० वजे सम्म UpLoad गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

वर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वर्दघाट, नवलपरासी

(२) पेश भएका टेण्डरहरु मिति ०७८/६/१८ गते दिनको १:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।

(३) टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

५) पेश भएको बोलपत्रमा निर्माण व्यावसायीको अनिवार्य सहि छाप गरी पेश गर्नु पर्नेछ ।

६) बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७) धरौटी वापत कवोल अंकको (VAT समेतको) ५% ले हुने रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत WWW.bolpatra.gov.np/egp मा वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन ।

८) ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन ।

९) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र खोला ठेक्काको हकमा कवोल अंकको १.५% अग्रिम आयकर तथा १३% मूल्य अभिवृद्धि कर (VAT) र अन्य बजार ठेक्का तथा विज्ञापन कर र पाडा बजारको हकमा मूल्य अभिवृद्धि कर (VAT बापतको रकम वर्दघाट नगरपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा मान्यता प्राप्त क वर्गको बाणीज्य बैंकको तोकिएको अवधि सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । तोकिएको समयमा दोश्रो किस्ता रकम नवुझाएमा वैंक जमानतबाट असुल उपर गरिनेछ ।

१०) ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि गर्दा आय ठेक्का नं १/०७८/०७९ को खजुरा खोलाको हकमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रहरु (उत्खनन् क्षेत्र १: २७ °३०'५४.४१"N ८३ °४८'८.५६"E , उत्खनन् क्षेत्र २: २७°३१'१८.७५"N ८३ °४८'४०.७६"E , उत्खनन् क्षेत्र ३: २७ °३१'२२.६०"N ८३ °४८'५१.१०"E, उत्खनन् क्षेत्र ४: २७ °३१'२६.४५"N ८३ °४९'३.७२"E) बाट प्रतिवेदनमा वार्षिक उत्खनन् गर्न सिफारिस गरिएको परिमाण जम्मा ७९,४५,८० (क्यू.फुट) मात्र भन्दा वढी नहुने गरी, ठेक्का नं २/०७८/०७९ को गंगटी खोलाको हकमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रहरु (उत्खनन् क्षेत्र नं १: २७ °३७'१४.१४"N ८३ °४८'२७.८४"E , उत्खनन् क्षेत्र २: २७°३७'५.२८"N ८३ °४८'४७.०५"E , उत्खनन् क्षेत्र ३: २७ °३६'५८.३७"N ८३ °४९'१.५१."E, उत्खनन् क्षेत्र ४: २७ °३६'५२.९३"N ८३ °४९'१५.७७"E) बाट प्रतिवेदनमा वार्षिक उत्खनन् गर्न सिफारिस गरिएको परिमाण जम्मा ५,८८,१३० (क्यू.फुट) मात्र भन्दा वढी नहुने गरी र ठेक्का नं ३/०७८/०७९ को आम्वास खोलाको हकमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रहरु (उत्खनन् क्षेत्र १: २७ °३५'४.३७"N ८३ °४५'33.०१"E , वार्षिक उत्खनन् गर्न सिफारिस गरिएको परिमाण जम्मा ४,५७,६७८ (क्यू.फुट) मात्र भन्दा वढी नहुने गरी, प्रदेश सरकारले चालु आ.व.को लागि तोकेको दर रेट रु १२।०० प्रति (क्यू.फिट) मा उत्खनन् गरी विक्रि वितरण गर्नुपर्नेछ । ठेकेदारले दररेट पेश गरेको दररेट संकलन स्थलको यथार्थ वस्तुस्थिती वुझी पेश गरेको भन्ने वुझीनेछ । उत्खनन/सँकलन गरेको नदिजन्य पदार्थहरु नदिकिनारामा घाटगद्दि गर्न पाइने

प्रमुख प्रशासकीय अधिकृत

छैन, तोकिएबमोजिमको घाटगद्दिको व्यवस्था वोलपत्रदाता आफैले गर्नुपर्नेछ यसको लागि तोकिएबमोजिम भन्दा वढी दररेट लिन पाइनेछैन ।

११) नेपाल सरकार, प्रदेश सरकार र बर्दघाट नगरपालिकाले समय-समयमा जारी गरेको नीति, निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१२) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३) ठेक्का कवोल गर्ने ठेकेदारले बर्दघाट नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी आएमा कानुन बमोजिम कारवाही गरिनेछ ।

१४) ठेकेदारले उठाउने कर, शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट (तगारो) राखी कर उठाउन पाईने छैन । साथै दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमै राख्नु पर्नेछ ।

१५) ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६) यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

१७) प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१८) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन ।

१९) बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट www.bardaghatmun.gov.np/ www.bolpatra.gov.np/egp मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**मेघनाथ पाध्या**

**प्रमुख प्रशासकिय अधिकृत**

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

ठेक्का

टेण्डर

## बर्दघाट न.पा.को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम

प्रथमपटक सूचनाप्रकाशितमिति: २०७८।५।१८ गते

| ठेक्का नं | आय ठेक्का विवरण | कबोल अंक (भ्याट र अग्रीम आय कर समेत समेत) | | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| १/०७८/०७९ | खजुरा खोला, बर्दघाट न.पा. | १,०९,१७,५३०।०० | | | | |
| २/०७८/०७९ | गंगटी खोला, बर्दघाट न.पा. | ८०,८०,९०६।०० | | | | |
| ३/०७८/०७९ | आम्बास खोला, बर्दघाट न.पा. | ६२,८८,४९६।०० | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–नाम, थर :–

ठेगाना :–

सम्पर्क नम्वर :

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

| ठेक्का |
|---|

| टेण्डर |
|---|

## बर्दघाट न.पा.को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम

प्रथमपटक सूचना प्रकाशित मिति: २०७८।५।१८

| ठेक्का नं | आय ठेक्का विवरण | कबोल अंक (भ्याट समेत) | | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| ४/०७८/०७९ | मंगलवार पाडा बजार तथा लोडिङ्ग समेत बर्दघाट-१३ जमुनिया | ४३,२३,०००।०० | | | | |
| ५/०७८/०७९ | कवाडी कर (उत्पादन तथा निकाशी) | ४,१९,०००।०० | | | | |
| ६/०७८/०७९ | विज्ञापन कर (२ आर्थिक वर्षको लागि) | ८,१२,५००।०० | | | | |
| ७/०७८/०७९ | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-८, भुताहा | ५,२२,१२०।०० | | | | |
| ८/०७८/०७९ | शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट | ९,४०,७२५।०० | | | | |
| ९/०७८/०७९ | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, | ३,९०,७८३।०० | | | | |
| १०/०७८/०७९ | सोमवारे हाटवजार माकर, १ | १,९१,५३५।०० | | | | |
| ११/०७८/०७९ | आइतवारे हाटवजार , वर्दघाट, १४ | १,८७,५००।०० | | | | |
| १२/०७८/०७९ | सनिवारे हाटवजार बर्दघाट, १४ | १,७२,५००।०० | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–नाम, थर :–

ठेगाना :–

सम्पर्क नम्वर :

प्रमुख प्रशासकीय अधिकृत